राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

१७औं प्रतिदिन वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २६० ॥ २०८२ मंसिर ०४ गते बिहिबार (20th Nov 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# झापाका प्रहरी कार्यालयमा आक्रमण गर्ने २९ जना पक्राउ

झापा(प्रस)। जेनजी आन्दोलनका क्रममा झापाका प्रहरी कार्यालयमा आक्रमण गर्ने २९ जना पक्राउ परेका छन् । बिर्तामोडमा १६ र दमकमा १३ जना पक्राउ परेका हुन् । पछिल्लो पटक जेनजी आन्दोलनका क्रममा अस्थायी प्रहरी चौकी गरामनीमा तोडफोड र आगजनी गर्ने दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा बिर्तामोड ८ गरामनी बस्ने वर्ष ३६का गंगाराम लिम्बू र बिर्तामोड ७ मुसहरडाँडा बस्ने वर्ष १९ का सेशेहाङ इङ्नाम लिम्बू रहेका छन् ।

मंगलवार बिहान अस्थायी प्रहरी चौकी गरामनीबाट प्रहरी सहायक निरीक्षक भुपेन्द्र कार्कीको कमाण्डमा खटिएको प्रहरी टोलीले दुवैलाई आ-आफ्नो घरबाट नियन्त्रणमा लिएको हो। दुवैलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ । त्यसअघि इलाका प्रहरी कार्यालय बिर्तामोडले १४ जनालाई पक्राउ गरेको थियो । बाह्रदशी



गाउँपालिका ५ का ३९ वर्षीय भुवन ओली , बिर्तामोड ६ का २४ वर्षीय अनिश मण्डल , बिर्तामोड ५ का ४५ वर्षीय नवराज राई , सोही वडाका २० वर्षीय राजन चौधरी , १६ वर्षीय आयुष धिमाल , बिर्तामोड १ का ४२ वर्षीय गोपाल संग्रौला , शिवसताक्षी १० का ३१ वर्षीय संजय बस्नेत , सोही ठाउँका २५ वर्षीय कुल तिम्सिना , बिर्तामोड ५ की २४ वर्षीया पुजा मगर , अर्जुनधारा ७ का २८ वर्षीय सुरज राई , सुनसरी हरिनगर १ का २२ वर्षीय साहिद हुसैन अन्सारी , बिर्तामोड २ का २२ वर्षीय विकास टुडू र सोही ठाउँका २९ वर्षीय भोला मियाँ भन्ने छतिस यादवलाई बिर्तामोड प्रहरीले पक्राउ गरेको हो । उनीहरुमाथि अभद्र व्यवहार , ज्यान मार्ने उद्योग , आपराधिक उपद्रव र हतियार तथा खरखजना सम्बन्धी मुद्धा चलाइएको छ ।

त्यस्तै इलाका प्रहरी कार्यालय दमकले १३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा १७ वर्षका ३ जना नाबालक रहेका छन् । त्यस्तै पक्राउ पर्ने अन्यमा इलाम चुलाचुली वडा नं. ३ पेल्टीमारी बस्ने १९ वर्षीय सुजल राई, दमक नगरपालिका वडा नं. ७ श्रीपाली टोल बस्ने १९ वर्षीय गणेश शर्मा, दमक नगरपालिका वडा नं. ३ बस्ने २२ वर्षीय केदार बस्नेत, पाँचथर मिक्लाजुङ वडा नं. ५ स्थायी ठेगाना भई हाल दमक नगरपालिका वडा नं. १ बस्ने २१ वर्षीय साजन लुहागुन, दमक नगरपालिका वडा नं. ९ बस्ने २६ वर्षीय अरुण रोक्का, इलाम चुलाचुली वडा नं. ३ बस्ने २२ वर्षीय नकुल अधिकारी, दमक नगरपालिका वडा नं. १ बस्ने ३४ वर्षीय दिपचन महतो, दमक नगरपालिका वडा नं. ६ बस्ने २४ वर्षीय लोमस कटुवाल, दमक बस्ने २० वर्षीय गौरव भुजेल र पाँचथर बस्ने २२ वर्षीय सुशिल फियाक रहेका छन् ।

## ओडारमा लुकाएर राखिएको हतियार र गोली बरामद

झापा(प्रस)। जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट लुटिएका दुईवटा हतियार र गोली भेटिएको छ । पाँचथरको मिक्लाजुङ ३ आरुबोटे भन्ने स्थानबाट म्याग्जिनसहितको .३०३ मार्क ३ राईफल एक थान , म्याग्जिन नभएको बट र ह्याण्ड ग्रिप जलेको अवस्थामा एक थान इन्सास ,इन्सासको जंगी राउण्ड एक थान र एसएलआरको जंगी राउण्ड तीन थान गोली भेटिएको हो । इलाका प्रहरी कार्यालय दमकमा तोडफोड ,आगजनी र प्रहरीको हातहतियार लुटपाट गरेर फरार रहेका पाँचथर मिक्लाजुङ वडा नं. ३ बस्ने २२ वर्षीय सुशिल फियाक (लिम्बू) लाई मंगलवार दिउँसो १:३० बजे दमक



वडा नं. ६ बाट पक्राउ गरिएको थियो । लिम्बूलाई सोधपुछ गर्दा उनले लुटेका हतियारहरु मिक्लाजुङ वडा नं. ०३ आरुबोटे लामागाउँस्थित ओडारमा लुकाई राखेको बताएका थिए । त्यसपश्चात् जिल्ला प्रहरी कार्यालय पाँचथरसँग समन्वय गरी दमकका प्रहरी निरीक्षक नबिन राईको कमाण्डमा प्रहरी टोली खटिएर ती हतियार बरामद गरेको हो । हातहतियार तथा गोलीगठ्ठाहरु बरामद गरी लिम्बूलाई हातहतियार तथा खरखजना सम्बन्धी कसूरमा इलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान तथा कारवाहीको प्रकृया अगाडी बढाइने जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । दुईवटा हतियार भेटिएसंगै झापामा प्रहरी कार्यालयबाट लुटिएका अझै २० थान हतियार भेटिन बाँकी रहेको छ ।

# मधेशका सभामुख मण्डल पदमुक्त

झापा(प्रस)। मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल पदमुक्त भएका छन् । बुधबार बसेको प्रदेशसभा बैठकमा उनीमाथि लगाइएको पदअनुसार आचरण नगरेको प्रस्ताव दुईतिहाईले पारित भएको हो ।

सभामुखको विपक्षमा अर्थात् पदअनुसार आचरण नगरेको पक्षमा ७६ जना प्रदेशसभा सदस्यले मतदान गरेका थिए । उनको विपक्षमा भने शून्य मत परेको छ । सभामुख मण्डल भने बुधवारको बैठकमा अनुपस्थित रहेका थिए । हाल मधेश प्रदेशसभामा १०४ जना प्रदेशसभा सदस्य छन् । जसको दुईतिहाई ७२ मत हुन्छ ।

गएको कात्तिक २७ गते उनीमाथि सात दलका ६४ जना प्रदेशसभा सदस्यले पदअनुसार आरचण नगरेको प्रस्ताव दर्ता गराएका थिए । सभामुखको विपक्षमा कांग्रेस, जसपा, जनमत, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीका रहेका थिए। एमाले, राप्रपा र नेपाल संघीय समाजवादीका सांसद भने बुधवार अनुपस्थित रहेका थिए ।



य स अ ि घ प्रदेशसभा सदस्यको पहिलो कार्यकालमा पनि मण्डलले पद गुमाएका थिए। पहिलो कार्यकालमा उनी माओवादी केन्द्रबाट निर्वाचित भएका थिए । वाम एकता भएर नेकपा बनेका थिए । त्यसपछि वाम एकता टुक्रिएपछि उनी माओवादीमा नफर्किएर एमालेमा गएको कारण साढे तीन वर्षमा पदमुक्त भएका थिए ।

# मकालु हिमाल घुम्न गएका कार्कीको मृत्यु

झापा(प्रस)। मकालु हिमाल घुम्न गएका दोलखा मेलुङ गाउँपालिका-७ का ४३ वर्षीय अरुण कार्कीको स्वास्थ्य समस्या भएपछि सोमबार मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रमुख डीएसपी कुमारप्रसाद मैनालीका अनुसार कार्कीको मृत्यु भएको जानकारी आएसँगै प्रहरी निरीक्षक



मेघराज अर्याल नेतृत्वको टोली घटनास्थलतर्फ खटिएको थियो । टोलीले बुधबार हेली एभरेस्टको हेलिकप्टरमार्फत मृतक कार्कीको शव मकालु बेस क्याम्प नजिकैबाट उद्धार गरेको हो । उनलाई लेक लागेको अनुमान गरिएको छ ।

उद्धार गरिएको शव सोही हेलिकप्टरद्वारा पोस्टमार्टमका लागि भक्तपुरस्थित केएमसी अस्पताल दुवाकोट पठाइएको प्रहरीले जनाएको छ । मकालु क्षेत्रमा पछिल्ला दिनहरूमा पर्यटक तथा पदयात्रीहरूको आवागमन बढेसँगै यस्ता आकस्मिक घटनाले सुरक्षात्मक सावधानीमा अझ ध्यान दिन आवश्यक रहेको उनले बताए ।

# एमाले र जेनजी समूहबीच झडप, सिमरामा कर्फ्यू

झापा(प्रस) ।जिल्ला प्रशासन कार्यालय बाराले सिमरामा कर्फ्यू आदेश जारी गरेको छ। बाराको सिमरामा नेकपा एमाले र जेनजी युवाबीच झडप भएपछि स्थिति भड्किन नदिन स्थानीय प्रशासनले कर्फ्यू लगाएको हो।

एमाले नेता महेश बस्नेत आउने भएपछि जेनजीहरूले विरोध गरेका थिए। मधेश



प्रदेश स्तरीय युवा जागरण अभियान कार्यक्रममा सहभागी हुन बस्नेत बुधवार बारा आउने कार्यक्रम तय भएपछि जेनजीहरू आन्दोलित बनेका हुन्। गण्डकी नहरदेखि पथलैया सडकखण्ड राजमार्गको दायाँ बायाँ ५०० मिटरसम्म, सिमरा विमानस्थलको वरिपरि ५०० मिटरसम्म कर्फ्यू जारी भएको छ। बुधबार दिउँसो १२ : ३० बजेदेखि बेलुका ८ बजेसम्म तोकिएको स्थानमा

❖ बाँकी तेस्रो पृष्ठमा

# देवरले चलाएको मोटरसाइकलबाट लडेर भाउजुको मृत्यु

झापा(प्रस)। झापाको अर्जुनधारामा देवरले चलाएको मोटरसाइकलबाट लडेर भाउजुको मृत्यु भएको छ ।

तीन दिनअघि कात्तिक ३० गते अर्जुनधारा ६ कदमगाछीस्थित बिर्तामोड- शनिश्चरे सडकखण्डमा शनिश्चरेबाट बिर्तामोडतर्फ आउँदै गरेको मे१०प८८४७न. को मोटरसाइकलमा पछाडि सवार अर्जुनधारा-८बस्ने बर्ष ५६की सरस्वती तामाङ श्रेष्ठ कुदिरहेको मोटरसाइकलबाट अचानक लडेर घाइते भएकी थिइन् ।

उनको उपचारका क्रममा बुधवार बिहानको राति २.४० बजे बीएण्डसी अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । सरस्वती सवार मोटरसाइकल उनका देवर अर्जुनधारा२ खुदुनाबारी बस्ने बर्ष ५३ का बिर्खबहादुर तामाङले चलाएका थिए । मोटरसाइकल चालक तामाङलाई इलाका प्रहरी कार्यालय बिर्तामोडले नियन्त्रणमा लिएको छ ।

# पूर्वी नाकाबाट २१ करोड बढीको फलफूल आयात

**• लक्ष्मी उप्रेती**

मेचीनगर । सरकारले कृषिजन्य वस्तुको उत्पादनमा आत्मनिर्भर बन्ने घोषणा गरिरहँदा चालु आर्थिक वर्ष २०८२–८३ को पहिलो तीन महिनामा फलफूल आयात ८९ दशमलव ४ प्रतितशले वृद्धि भएको छ ।सरकारले आगामी तीन वर्षमा नेपाललाई फलफूलमा आत्मनिर्भर बनाउने आर्थिक वर्ष २०७७/७८ को बजेटमार्फत घोषणा गरेको थियो । आयात बढ्दै जाँदा नेपाली किसानलाई भने फलफूलको उचित मूल्य पाउनै मुश्किल भएको छ । नेपालमा हावापानी र भूगोलको अनुकूलताले फलफूल निर्यातको सम्भावना भएको विज्ञहरुले औंल्याइरहँदा अभिलेखले भने आयात बढिरहेको देखाएको छ । मेची भन्सार नाका भएर मूल्यको आधारमा आयात भएका १० वस्तुहरुको तुलनात्मक विवरण अनुसार फलफूल पाँचौ स्थानमा छ ।

गत आर्थिक वर्ष २०८१–८२ वर्षको पहिलो तीन महिनामा नेपाल प्रवेशको पहिलोद्वार काँकरभिट्टा नाका भएर २१ करोड ३५ लाख ५० हजार रुपैयाँको फलफूल आयात भएकोमा चालु आर्थिक वर्ष २०८२–८३ को सोही अवधिमा फलफूल आयात बढेर ४० करोड ४४ लाख ४५ हजार रुपैयाँ पुगेको मेची भन्सार कार्यालय काँकरभिट्टाले जनाएको छ । नेपालले विभिन्न प्रकारका फलफूल २३ भन्दा बढी देशबाट आयात गर्ने गरेको छ ।

गत आर्थिक वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आर्थिक वर्षको सोहि अवधिमा फलफूलको आयात १९ करोड ८९ लाख पाँच हजार रुपैयाँ वा ८९ दशमलव ४ प्रतिशतले बृद्धि भएको छ । खासगरी,स्याउ, केरा, सुन्तला, आँपलगायतका फलफूल विदेशबाट आयात भएका छन् । नेपालमा फलफूलको व्यवसायिक खेती नहुँदा वा फलफूल उत्पादन वृद्धि गर्न नसक्दा आयात बढेको फलफूल व्यवसायी मेचीनगर –९ का डिल्ली उप्रेतीले बताए । नेपालमा उत्पादन भएका फलफूलले नेपालीको माग नधानेपछि फलफूल आयात गर्नुपरेको सरकारी अधिकारीहरुको भनाई छ । नेपालमा माग अनुसार फलफूल उत्पादन नहुनु, नेपालीमा फलफूल



खानेको संख्या बढेकाले पनि आयात बढेको उनीहरुको बुझाई छ । 'फलफूलको माग बढ्दै गएको छ,' एकजना सरकारी अधिकारीले भने, 'उत्पादन वृद्धि हुन सकेन ।' प्रतिव्यक्ति एक दिनमा एक सय ग्राम फलफूल प्रयोग गर्नुपर्छ । एक जनाले वार्षिक ३६ किलो फलफूल उपभोग गर्नुपर्छ भन्ने मान्यता रहेको छ । नेपाल फलफूल उत्पादनका लागि उर्वरभूमि हो । तर उत्पादनमा युवा जनशक्ति नदेखिएकै कारण फलफूल आयात गर्नुपरेको कृषि विज्ञ टेकेन्द्र प्रधानले बताए ।

कृषि विज्ञ रामानन्द मण्डलका अनुसार तराई र भित्री मधेसमा आँप खेती गर्न सकिन्छ । तर, पनि आयात भने रोकिएको छैन । पछिल्लो समय त नेपालमा आँपको परनिर्भरता पनि बढ्दै गएको छ । आँप भारत, थाइल्यान्ड र युगान्डाबाट आयात हुने गरेको छ । नेपालमा स्याउ खेतीको प्रचुर सम्भावना हुँदाहुँदै पनि स्याउको आयात हुनुले पनि नेपालमा फलफूलको परनिर्भरता चुलिँदै स्पष्ट हुन्छ । नेपालमा भारतबाट ठूलो परिमाणमा स्याउ आयात हुने गरेको छ । सरकारले स्याउ आत्मनिर्भरताका लागि कर्णालीका पाँच जिल्ला, मनाङ, मुस्ताङमा कार्यक्रम विस्तार गरेको छ ।

नेपालमा सुन्तला भारत, दक्षिण अफ्रिका र इजिप्टबाट आयात हुने गरेको छ । सुन्तला उत्पादनका लागि गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दी ,पाल्पा, गुल्मी, अर्घाखाँचीलगायतका जिल्लामा सुन्तला बगैचा सुदृढीकरण कार्यक्रम सञ्चालन गरेको थियो । सरकारले फलफूल उत्पादन गर्नका लागि फलफूल दशक घोषणा गरेको बताईएको छ । पहाडी डाँडाकाँडामा राम्रो आम्दानी लिन सकिने कागती खेतीमा पछिल्लो समय नेपालीको आकर्षण बढ्दै गएको र यसबाट राम्रो आम्दानी हुने कृषि विज्ञको भनाइ छ।

नेपालमा उत्पादन भएका फलफूलले बजारले नपाएको गुनासो बढिरहेका बखत नेपाली बजार भने आयातित फलफूलले कब्जा गरेको फलफूल व्यवसायी विनोद महलाको भनाई छ । बजारमा स्वदेशी फलफूलभन्दा आयातित फलफूलको वर्चस्व भएकाले स्वदेशी उत्पादनले मूल्य पाउन मुश्किल भएको फलफूल व्यवसायीहरुको भनाई छ। 'नेपाली बजार आयतित बजारको नियन्त्रणमा छ' एकजना व्यवासायीले भने, 'बजार आयतित फलफूलले भरिएको छ । आयतित फलफूलभन्दा स्थानीय उत्पादनको मूल्य बढी भए पनि राम्रो र गुणस्तरीय छ तर व्यापारी र उपभोक्ताले भने सस्तो खोज्छन् ।' नयाँ खेतीमा चासो नहुनु र भएको खेती पनि व्यवस्थित गर्न नसक्नुले यस्तो अवस्था आएको हुन सक्ने बताइएको छ । आयातलाई निर्यातले प्रतिस्थापन गर्न सके नेपाली उत्पादन फलफूलको बजार प्रचुर रहेको बताइएको छ ।

नेपालले भारत, बङ्लादेश, थाइल्याण्ड, अष्ट्रेलिया, मलेसिया, दक्षिण अफ्रिका, चीन, फिलिपिन्स, अमेरिका, कोरिया लगायतका मुलुकबाट फलफूल आयात गर्ने गरेको छ । किसानलाई विनियोजन गरेको बजेट लक्षित समूहसम्म पुग्न नसकेकाले उत्पादन वृद्धि नहुँदा परनिर्भरता बढेको आरोप नेपाली किसानहरुको छ । खेतीयोज्य जमिन पनि बाँझो हुँदै जाँदा हरेक क्षेत्रमा उत्पादन घट्दै गएको छ । सरकारको दीर्घकालीन रणनीति बनाउन नसक्दा फलफूलमा विदेशको भर पर्नुपर्ने अवस्था छ ।

# चियामा चार करोडभन्दा बढीको क्षति

झापा(प्रस) । गत असोज १८ गतेको वर्षापछि गएको पहिरोका कारण इलामको चिया क्षेत्रमा चार कारोड रुपियाँभन्दा बढीको क्षति भएको छ। पहिरोले चिया



सहकारीमा आबद्ध ९७ जना किसानको चिया बगान बगाउँदा चार करोड ७२ लाख ९० हजार रुपियाँभन्दा बढीको क्षति भएको केन्द्रीय चिया सहकारी संघले जनाएको छ।

जिल्लाका ४१ सहकारीमा आबद्ध किसानको चिया बगानमा क्षति पुगेको संघका महासचिव रविन राईले जानकारी दिए। उनका अनुसार पहिरोका कारण चार चिया किसान परिवारको घरमा पूर्ण र १८ परिवारको घरमा आंशिक क्षति भएको छ।

“अहिलेसम्म हामीले सहकारीमा आबद्ध चिया किसान र चियाको क्षतिको विवरण सङ्कलन गरेका छौँ। अझै सहकारीमा आबद्ध नभएका साना किसानको क्षतिको विवरण सङ्कलन गर्न सकिएको छैन,” महासचिव राईले भने, “हामीले चिया क्षेत्रमा भएको क्षतिलाई राष्ट्रिय चिया तथा कफी विकास बोर्डमा पेस गरेका छौँ तर अहिलेसम्म कुनै काम र सुनुवाइ भएको छैन।” राईले चियाका लागि कुनै राहत र अनुदानको काम स्थानीय, प्रदेश र संघ कुनै पनि तहका सरकारबाट नभएको बताएका छन्।

“इलामका क्षति भएका ४१ सहकारीमा तीन हजार तीन सय किसान आबद्ध छन्।

अब क्षति भएका बगानमा पुनः बिरुवा लगाउनुपर्ने अवस्था छ। कति किसानको बगान नै बगेर नष्ट भएको छ। उनीहरूलाई पुनर्स्थापनाका लागि काम गर्नुपर्ने छ। चियाका लागि अहिलेसम्म केही हुन सकेको छैन,” राईले भने, “करिब २५० रोपनी जमिनको चिया पहिरोले बगाएको छ।”

# हर्मितको अलराउन्ड प्रदर्शनमा सुदूरपश्चिमको रोमाञ्चक जित




झापा(प्रस) । नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा हर्मित सिंहको अलराउन्ड प्रदर्शनले सुदूरपश्चिम रोयल्सले घरेलु टोली काठमाडौं गोर्खाजविरुद्ध २९ रनको रोमाञ्चक जित हासिल गरेको छ।

जितका लागि सुदूरपश्चिमले दिएको १४८ रनको लक्ष्य पछ्याएको काठमाडौँ १६.५ ओभरमा अलआउट हुँदै ११८ रनमा समेटियो।

उसका लागि आकाश त्रिपाठीले बनाएको ३४ रन नै सर्वाधिक रह्यो। जोन सिम्पसनले २४, भीम सार्कीले १२, मिलन्द कुमारले ११ तथा सन्नी पटेलले १० रन बनाए पनि अन्य कुनै पनि ब्याटरले दोहोरो अंकको रन बनाउन सकेनन्।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस हारे पहिले ब्याटिङमा तानिएको सुदूरपश्चिमले निर्धारित ओभरममा सबै विकेट गुमाएर १४७ रन बनाएको थियो। उसका लागि हर्मित सिंले अर्धशतकीय पारी खेल्दै सर्वाधिक ५३ रनको योगदान गरे। २० बल खेलेका उनले ६ छक्का र दुई चौका प्रहार गरे।कुनै वेला १५ ओभरमा ६ विकेट गुमाएर ८० रनको अवस्थामा रहेको सुदूरपश्चिमको इनिङ हर्मितले नै उकासे। दीपेन्द्रसिं ऐरीले ३९ तथा आरिफ शेखले २५ रन बनाए। ईशान पाण्डेले ११ रन बनाए। हेमन्त धामीले ३ तथा अविनाश बोहराले १ रन बनाए। ओपनर जोस ब्राउन र विनोद भण्डारी दुवै शून्य रनमै आउट भए भने स्टार ब्याटर क्रिस लिनले मात्र २ रन जोडे। स्कट क्रिस्टोफर कुग्गेलेइजन १ रनमा समेटिए। बलिङतर्फ करण केसीले सर्वाधिक ४ विकेट लिए।

# झुम्का कारागारका ५५६ कैदी अझै फरार



झापा(प्रस) । कोशी प्रदेशको झुम्कास्थित कारागारका ५५६ जना कैदीबन्दी अझै फरार रहेको कारागार प्रशासनले जनाएको छ। जेनजी आन्दोलको दोस्रो दिन भदौ २४ गते ठूलो संख्यामा आएका जमातले कारागारमा तोडफोड र आगजनी गर्ने प्रयास गरेको थियो।

कारागारकाप्रशासनको होसियारीले कारागारमाआगजनी हुन सकेन तर सो समयमा रहेका एक हजार ७९६ कैदी भने भाग्न सफल भएका थिए।

उक्त दिन तीनजना कैदी विरामी भएका कारण अस्पतालमा रहेको कारागार प्रमुख सुवास लामिछानेले जानकारी दिए।

फरार सबै कैदीमध्ये केही आफै फर्केर आएका थिए भने केहीलाई विभिन्न ठाउँबाट पक्राउ गरिएको थियो। फरार रहेका ५५६ कैदीबन्दीको व्यापक खोजतलास भइरहेको प्रमुख लामिछानेले बताए।

# एमसिसी नेपाल कम्प्याक्टका लागि अतिरिक्त ५ करोड डलर सहयोग

झापा(प्रस)। नेपाल सरकार र अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) ले एमसिसी नेपाल सम्झौतामा अमेरिकाले ५ करोड अमेरिकी डलर (करिब ७ अर्ब रुपैयाँ) को अनुदान रकम थप गर्ने घोषणा गरेका छन्।

यससँगै उक्त सम्झौताअन्तर्गत उपलब्ध कुल रकम ७४ करोड ७० लाख अमेरिकी डलर (करिब १ खर्ब ६ अर्ब रुपैयाँ) पुगेको छ, जसमा अमेरिकाको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड ७० लाख डलर रहने छ।

यो थप स्रोतले प्राथमिकताप्राप्त विद्युत् प्रसारण पूर्वाधारलाई पूर्ण बनाउने, नेपालको ऊर्जा प्रणालीको सुदृढीकरण गर्ने र क्षेत्रीय ऊर्जा व्यापारको अभिवृद्धिलाई सम्भव बनाउनेजस्ता सो सम्झौताका मुख्य उद्देश्यहरू पूरा गर्न मद्दत गर्नेछ।

ऊर्जा ग्रिडको विश्वसनीयता र बजार पहुँचमा सुधार गरी यस सम्झौताले अन्तर्राष्ट्रिय ‘कनेक्टिभिटी’ मा सहयोग पुर्‍याउने र ऊर्जा पूर्वाधारमा अमेरिकी उत्कृष्टता तथा असल अभ्यासहरूको प्रवर्द्धन गर्ने अपेक्षा राखिएको छ।

उक्त सम्झौताले अमेरिकी प्रविधि र कम्पनीहरूका लागि नेपाली बजारमा प्रवेश गर्ने अवसरहरूको विस्तार पनि गर्दछ।

यो आर्थिक सहयोगले अमेरिका र नेपालबीच रहेको चिरस्थायी साझेदारी प्रतिबिम्बित गर्दछ। दशकौंसम्म हाम्रा देशहरूले आर्थिक वृद्धि, ऊर्जा सुरक्षा र पारस्परिक समृद्धिलाई अघि बढाउन सँगै काम गरेका छन्।

एमसिसी नेपाल सम्झौताले उच्च प्रभावयुक्त पूर्वाधारमा केन्द्रित, ऋणरहित र अनुदानमा आधारित सहायतामार्फत उक्त इतिहासलाई निरन्तरता दिएको छ।

# सोलुखुम्बुमा निःशुल्क महिला ट्रेकिङ गाइड प्रशिक्षण सुरु

झापा(प्रस) । नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (यूएनडीपी) अन्तर्गत सञ्चालित दिगो पर्यटन परियोजना (एसटीपी) को संयोजनमा सोलुखुम्बु जिल्लाको गर्मामा निःशुल्क महिला ट्रेकिङ गाइड प्रशिक्षण सुरु गरिएको छ।

महिला सशक्तीकरण तथा दिगो पर्यटन विकासलाई प्राथमिकतामा राख्दै सुरु गरिएको १५ दिने आवासीय तालिममा देशका विभिन्न भागबाट छनोट भएका २८ महिलाको सहभागिता छ । बोर्डको सहकार्यमा नेपाल माउन्टेन एकेडेमीले सञ्चालन गर्दै आएको यस तालिमले सहभागीहरूलाई पदमार्गको प्राविधिक ज्ञान, सुरक्षा व्यवस्थापन, प्राथमिक उपचार, हिमाली क्षेत्रको आचरण तथा पेशागत सेवाको गुणस्तरीय अभ्यास सम्बन्धी सीप प्रदान गर्ने लक्ष्य राखेको छ।



उद्घाटन समारोहमा उपस्थित सोलुखुम्बु जिल्ला समन्वय अधिकारी चन्द्रसिंह श्रेष्ठ, सोलुदुधकुण्ड नगरपालिकाका प्रशासन प्रमुख तुक्ति शेर्पा, वडा नम्बर-७ का वडाध्यक्ष सोनाम शेर्पा, वडा सदस्य बलकाजी कार्की तथा नम्बर व्यावसायिक तालिम केन्द्रका प्रिन्सिपल लाक्पा रिन्जी शेर्पाले महिलाको पर्यटन क्षेत्रप्रति बढ्दो आकर्षणले नेपालको हिमाली पर्यटनलाई अझ सुरक्षित, विश्वसनीय र समावेशी बनाउन सहयोग पुग्ने धारणा व्यक्त गरे । उनीहरूले नेपाल पर्यटन बोर्डले अघि सारेका क्षमता विकास कार्यक्रमहरू स्थानीय तहदेखि राष्ट्रिय तहसम्म दिगो पर्यटन प्रवर्द्धनका लागि आधार निर्माण गरिरहेको उल्लेख गरेका छन्।

ट्रेकिङ क्षेत्रमा महिला सहभागिता विस्तार हुनु देशको पर्यटन क्षेत्रको समावेशी विकासका लागि आवश्यक रहेको र यस्तो तालिमले महिलालाई आत्मविश्वासी, दक्ष र पेशागत रूपमा योग्य ट्रेकिङ गाइडको रूपमा स्थापित गर्न मद्दत गर्ने बोर्डको विश्वास छ । बोर्डले आगामी दिनमा पनि यस्ता क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तर रूपमा विस्तार गर्दै समुदायमा आधारित पर्यटन र महिलाको आर्थिक सशक्तीकरणका लागि थप अवसरहरू सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

# नयाँ ६ दलले पाए प्रमाणपत्र, ३१ दल प्रक्रियामा

झापा(प्रस) ।फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्नेको सूची १७ पुगेको छ। आयोगले दल



दर्ता आह्वान गरेको पहिलो दिन मंसिर १ गते १२ दलले दर्ता गराएका थिए।

दोस्रो दिन मंगलवार जम्मा ५ दलले मात्र दर्ता गराएको प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। दल दर्ता गराउनेमा अधिकांश नयाँ पार्टी रहेका छन्। यस्तै माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचन प्रयोजनका लागि आयोगमा जम्मा चार दलले दल दर्ता गराएको छ।

दल दर्ता गराउनेमा नेपाल मजदुर किसान पार्टी, बहुजन शक्ति पार्टी, नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी नेपाल रहेका छन्।

दल दर्ता प्रमाणपत्रका लागि निवेदन दिएका ३२ मध्ये अहिलेसम्म ६ दलले मात्र प्रमाणपत्र पाएका छन्।

प्रमाणपत्र पाउनेमा श्रम सांस्कृतिक पार्टी, गतिशील लोकतान्त्रिक पार्टी, नेपाली कम्युनिस्ट पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, राष्ट्रिय परिवर्तन पार्टी र नेपाल कम्युनिस्ट पार्टी(माओवादी) रहेको छ। बाँकी ३१ दल दर्ता प्रक्रियामै रहेको प्रवक्ता भट्टराईले जानकारी दिए। आयोगमा यसअघि नै दर्ता भएका १२४ मध्ये ७ दल खारेज हुँदा १२३ दल सूचीकृत भएको छ।

# कोशी प्रदेश योजना आयोगको उपाध्यक्षमा



झापा(प्रस) । कोशी प्रदेश सरकारले योजना आयोगको उपाध्यक्षमा विराटनगरका तारानाथ निरौलालाई नियुक्त गरेको छ।

कोशी प्रदेश सरकारको बुधवार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो। यसअघिका उपाध्यक्ष डा राजेन्द्र अधिकारीले गत कार्तिक २० गतेदेखि लागू हुनेगरी दिएको राजीनामा स्वीकृत गर्दै निरौलालाई नियुक्त गर्ने निर्णय गरेको हो। निरौला बैंकिङ क्षेत्र तथा स्थानीय तहको अनुभवी व्यक्तिको रूपमा चिनिन्छन्।

# रासायनिक मलका लागि थप रकम जुटाउन रकमान्तरको प्रयास

झापा(प्रस) । सरकारले आगामी बर्खे धानबालीका लागि रासायनिक मलको आपूर्ति व्यवस्था सहज पार्न गृहकार्य गरिरहेको छ। चैत/वैशाखसम्मका लागि रासायनिक मल पर्याप्त रहे पनि त्यसपछिको धान बालीका लागि डिएपी अभाव हुने देखिएकाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयले व्यवस्थापन गर्न लागेको हो।



मलको जोहो गर्न बजेटको नै व्यवस्था गर्नुपर्ने देखिएको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा रासायनिक मल खरिद गर्न २८ अर्ब ८२ करोड १४ लाख रुपियाँ विनियोजन भएको भए पनि नपुगेर बजेट व्यवस्थापन गर्न विभिन्न विकल्पमा छलफल भइरहेको मन्त्रालयले जनाएको छ।

मल खरिद गर्न अर्थ मन्त्रालयसँग थप १० अर्ब रुपियाँ बजेट माग गरेकामा निर्वाचनका बेला बजेट अपुग हुने भन्दै अर्थमन्त्री रामेश्वर खनालले आन्तरिक स्रोतबाट व्यवस्थापन गर्न भनेपछि मन्त्रालयले मलको मूल्य समायोजन गर्ने वा आन्तरिक स्रोत व्यवस्थापन गर्ने विषयमा गृहकार्य थालेको छ।

मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले त्यसका लागि मन्त्रालयमा विनियोजन गरिएको अन्य बजेटबाट रकमान्तर गर्ने वा मूल्य समायोजन गर्ने विषयमा छलफल भइरहेको जानकारी दिए। “पाँच लाख ५० हजार मेट्रिक टन मल खरिद गर्न थप साढे पाँच अर्ब लाग्ने देखिन्छ,” उनले भने, “बजेट खर्च नभएको कार्यक्रमबाट रकमान्तर गरेर बजेट व्यवस्थापन गर्न सकिन्छ भनेर लागिरहेका छौँ।”

उनका अनुसार बर्खे धान बालीका लागि ६० हजार मेट्रिक डिएपी नपुग्ने देखिएको छ। धान रोप्ने बेला मल अभाव नभई कसरी आपूर्ति व्यवस्था सहज गर्न सकिन्छ भनेर गृहकार्य भइरहेको छ।

चालु आवमा विनियोजन गरेको बजेटले चार लाख ७१ हजार तीन सय मेट्रिक टन मल टेन्डर गरिसकेको मन्त्रालयले जनाएको छ। थप मल किन्न बजेटको खोजी भएको हो।

## ओडारमा...

आवतजावत गर्न, कुनै पनि प्रकारको भेला,जुलुस, प्रदर्शन,सभा ,बैठक,घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी भएको छ।


यसैबीच गृह मन्त्रालयले बाराको सिमरामा भएको घटनाप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै स्थिति सामान्य बन्दै गएको जनाएको छ।

साँझ एक विज्ञप्ति जारी गर्दै मन्त्रालयले उक्त घटनाबाट सिर्जित अवस्थालाई नियन्त्रणमा लिइ स्थिति सामान्य बनाउँदै शान्तिसुरक्षा कायम गर्न स्थानीय प्रशासनले आवश्यक पहल गरिरहेको र स्थिति सामान्य हुँदै गएको जनाएको हो।

मन्त्रालयका सहायक प्रवक्ता रवीन्द्र आचार्यद्वारा जारी विज्ञप्तिमा वर्तमान सरकार मुलुकमा शान्ति व्यवस्था र अमनचयन कायम गरी तोकिएको समयमै निर्वाचन सम्पन्न गराउन प्रतिबद्ध रहेको स्पष्ट पारिएको छ।

“मुलुकमा शान्तिसुरक्षा कायम राख्दै निर्धारित मितिमा निर्वाचन सम्पन्न गर्न सबैको आपसी संवाद, समन्वय र सहयोग अपरिहार्य रहेको छ। यसका लागि सबै पक्षले आआफ्नो कार्यक्रम सञ्चालन गर्दा स्थानीय प्रशासनसँग समन्वयमा शान्तिपूर्वक तरिकाले व्यवस्थित र मर्यादापूर्वक सञ्चालन गर्नु गराउनु वाञ्छनीय रहन्छ”, विज्ञप्तिमा उल्लेख छ।

# भारी मात्रामा लागूऔषधसहित एक युवक पक्राउ



झापा(प्रस) । भारी मात्रामा लागूऔषध ब्राउनसुगरसहित झापा गाउँपालिकाका एक युवक पक्राउ परेका छन्।

बुधवार साँझ ७:२८ बजे झापा गाउँपालिका वडा नम्बर ५ पन्थापडा बस्ने वर्ष अन्दाजी २० का अड्साद अली प्लास्टिकबाहेक ६३ ग्राम २० मिलिग्रामब्राउनसुगरसहित पक्राउ परेका हुन्। बाह्रदशी वडा नं.३ स्थित राजगढबाट चारपानेतर्फ आउँदै गरेको मे ८ प ८१४० नं कोमोटरसाइकललाई विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय र लागूऔषध नियन्त्रण व्यूरो काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले चेकजाँच गर्दा उनको साथबाट त्यति धेरै लागूऔषध बरामद भएको थियो। उनीमाथि थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री सन्च बहादुर सुब्बा, पश्चिमः श्री राम चन्द्र काफ्ले, उत्तरः सडक, दक्षिणः श्री राम चन्द्र काफ्ले को नाममा जारी गरिएको।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. ६ बस्ने श्री आशा लोक्ताम लिम्बुले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला। म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ६ | १८०० ००८१ | १०८७ | १८६.३१ | २०८१/ १० /२१ | २०८१/ १० /२१ | २०८२/ ०५ /११ |

**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश, झापा जिल्ला,अर्जुनधारा नगरपालिका वार्ड नं.-८ मा बस्ने श्री डिल्लीराम संजेलका नाति,श्री तुङ्गनाथ संजेलका छोरा,श्री राम प्रसाद संजेलको मिति वि.सं.२०८२/०७/०९गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय शनिश्चरेमा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी पत्नी श्रीमती चन्द्रकला संजेलले मिति वि.सं.२०८२/०८/०२मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

## सम्पादकीय

# उत्तेजनामा नआऊ

निर्वाचनको माहौल बन्दै गर्दा सिमरामा अप्रिय घटना हुन गयो । आखिर यस्तो हुनुमा को दोषी छ ? जेनजी वा एमाले ? दुवै दोषी देखिन्छन् । दुवै संयमित छैनन् । जेनजीजस्तै एमालेले पनि अराजकता र विध्वंस मच्चाउन खोजिरहेको छ । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनलाई पुरै नजरअन्दाज गर्दै एमालेले भदौ २२ गते फर्काउन खोज्दा अशान्ति मच्चिएको हो ।

जिल्ला प्रशासन कार्यालय बाराले सिमरामा कर्फ्यू आदेश जारी गरेको छ। बाराको सिमरामा एमाले र जेनजी युवाबीच झडप भएपछि स्थिति भड्किन नदिन स्थानीय प्रशासनले कर्फ्यू लगाएको हो।

एमाले नेता महेश बस्नेत आउने भएपछि जेनजीहरूले विरोध गरेका थिए। मधेश प्रदेश स्तरीय युवा जागरण अभियान कार्यक्रममा सहभागी हुन बस्नेत बुधवार बारा आउने कार्यक्रम तय भएपछि जेनजीहरू आन्दोलित बनेका हुन्।

गण्डकी नहरदेखि पथलैया सडकखण्ड राजमार्गको दायाँ बायाँ ५०० मिटरसम्म, सिमरा विमानस्थलको वरिपरि ५०० मिटरसम्म कर्फ्यू जारी भएको छ।

बुधबार दिउँसो १२ : ३० बजेदेखि बेलुका ८ बजेसम्म तोकिएको स्थानमा आवतजावत गर्न, कुनै पनि प्रकारको भेला, जुलुस, प्रदर्शन, सभा ,बैठक, घेराउ गर्न नपाउने गरी कर्फ्यू आदेश जारी भएको छ। यसैबीच गृह मन्त्रालयले बाराको सिमरामा भएको घटनाप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै स्थिति सामान्य बन्दै गएको जनाएको छ।

साँझ एक विज्ञप्ति जारी गर्दै मन्त्रालयले उक्त घटनाबाट सिर्जित अवस्थालाई नियन्त्रणमा लिइ स्थिति सामान्य बनाउँदै शान्तिसुरक्षा कायम गर्न स्थानीय प्रशासनले आवश्यक पहल गरिरहेको र स्थिति सामान्य हुँदै गएको जनाएको हो।

मन्त्रालयका सहायक प्रवक्ता रवीन्द्र आचार्यद्वारा जारी विज्ञप्तिमा वर्तमान सरकार मुलुकमा शान्ति व्यवस्था र अमनचयन कायम गरी तोकिएको समयमै निर्वाचन सम्पन्न गराउन प्रतिबद्ध रहेको स्पष्ट पारिएको छ।

सबै पक्षले आआफ्नो कार्यक्रम सञ्चालन गर्दा शान्तिपूर्वक तरिकाले व्यवस्थित र मर्यादापूर्वक सञ्चालन गर्नु गराउनु वाञ्छनीय रहन्छ । निर्वाचनको घोषणापछि केही दलले संसद पुनर्स्थापनाको माग र सरकारको वैधानिकतामाथि प्रश्न उठाउने कार्यले अस्थिरता निम्तिएको हो । परिवर्तनलाई आत्मसात गर्न नखोज्ने र नयाँ जनमत लिन हिम्मत नगर्ने पुरानै शैलीमा देश सक्न पल्केका दलहरुले जनताको भावना बुझ्न नसक्नु विडम्बना हो । यदि उनीहरुले अझै बुझ्नेनन् भने देश त बर्बाद गर्छन् नै आफू पनि विलय हुन्छन् ।




# सार्वजनिक संस्थानको कार्यभार



• भरत गौतम

सन् १९३० को आर्थिक मन्दीको प्रभावबाट जोगिन राज्यको लगानीमा आर्थिक सक्रियता ल्याउन सार्वजनिक संस्थान स्थापना गर्ने लहड नै चल्यो । जनताका अति आवश्यक वस्तुको आपूर्ति तथा सेवा प्रवाह गर्न संस्थानको आवश्यकता पनि थियो । निजी क्षेत्रले नाफाको अपेक्षा गर्ने र नाफा कम तथा जोखिम हुने क्षेत्रमा लगानी गर्न उत्साहित नहुने क्षेत्रमा सरकारको लगानी बाध्यता देखियो । वस्तुको आपूर्ति तथा सेवा प्रवाहका लागि राज्यको एकाधिकार हुने क्षेत्रमा राज्य नै सक्रिय हुनुपर्ने विषय पनि रहे । वस्तु र सेवा आपूर्तिका लागि सार्वजनिक संस्थान शासकीय भूमिकाको अङ्ग बन्न पुग्यो । समय परिवर्तनसँगै संस्थानलाई सेतो हात्ती अर्थात् पालन पोषण गर्नुपर्ने प्रतिफल नआउनेको रूपमा चित्रण गरिएको छ ।

अधिकांश संस्थानको वित्तीय अवस्था नाजुक भएका कारण बैङ्क वित्तीय संस्थाले वित्तीय कारोबार गर्न चाँहदैनन्, त्यसको बोझ अर्थ मन्त्रालयले लिनु परेकाले सर्वसाधारणमा संस्थानप्रति सकारात्मक धारणा बन्न सकेको छैन ।

नेपालमा विसं १९९४ मा बैङ्किङ क्षेत्रको सेवा प्रवाह गर्न नेपाल बैङ्क स्थापना भई औपचारिक रूपमा पहिलो सार्वजनिक संस्थान स्थापना गरियो । त्यसपछि विभिन्न व्यावसायिक क्षेत्रमा संस्थान स्थापना गरी वस्तुको आपूर्ति र सेवा प्रवाहमा जोड दिइयो । संस्थान स्थापनापछि वस्तुको आपूर्ति र सेवा प्रवाहले बजार नियमनमा सहजता ल्याइ उपभोक्ता हितमा जोड दिइयो । तथ्याङ्कले नेपालमा हाल ४३ संस्थान रहेकोमा ती संस्थानहरूमा ४८.५१ विलियन लगानी गरिएको, २८ संस्थान नाफामा र १५ संस्थान घाटामा रहेको देखाइएको छ । समग्र संस्थानको नाफा २.५ प्रतिशत रहेको उल्लेख छ । संस्थानमा केही मानिसले रोजगारीको अवसर पाएका छन् । विश्वमा आर्थिक उदारीकरणपछि आएको प्रतिस्पर्धात्मक अवस्थाले सार्वजनिक संस्थानको भूमिकामा प्रश्नहरू आए तर संस्थान सञ्चालन कार्य प्रणालीमा बदलिँदो प्रभावको आत्मसात् नहुँदा वा संस्थानको बदलिदो व्यावसायिक अवधारणा नबन्दा धेरै देशले नोक्सान बेहोर्नु परी रह्यो । नेपाल पनि संस्थानको नोक्सानी बेहोर्ने लयमा हिँडिरहेको छ । आर्थिक उदारीकरणपछि संस्थान निजीकरण गर्ने होड नै चल्यो र डेड दर्जन संस्थान निजीकरण गरियो । निजीकरण पछिको नतिजा भने राम्रो आएन र अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्‍यो । हाल निजीकरण भएका अधिकांश उद्योग वा संस्थान अस्तित्वमा देखिँदैनन् ।

संस्थानहरू किन प्रभावकारी भएनन् भन्ने विषयमा धेरैतर्क वितर्क गरिएको पाइन्छ । व्यावसायिक र पेसाविज्ञ सञ्चालक चयन नहुनु, अत्यधिक राजनीतिक हस्तक्षेप, दक्ष र प्रविधिमैत्री जनशक्तिको कमी तथा नयाँ प्रविधिको उपयोग नहुनु, अनावश्यक जनशक्तिको बोझ र अव्यावहारिक ट्रेड युनियन, बदलिँदो अवस्थाको व्यावसायिक सोच र रणनीति नहुनु, नीतिगत सुधारमा ध्यान नदिनु, व्यावसायिक पुनर्संरचनामा नलाग्नु जस्ता धेरै त्रुटि देखिए तर सुधारका लागि शासकीय ध्यान पुग्न सकेन । संस्थानको लगानी, रोजगारीको अवसर र स्थानीय स्रोतको उपयोग हुने वातावरण नहुँदा धेरै संस्थान धरासायी भई अर्थतन्त्रमा नकारात्मक प्रभाव देखियो ।

सार्वजनिक सेवा प्रवाह र वस्तुको आपूर्ति गर्न व्यापार, उद्योग, बैङ्क, बिमा, सञ्चार जस्ता क्षेत्रमा संस्थानको भूमिका रहेको थियो । समयको प्रभावसँगै व्यावसायिक कुशलतामा ध्यान नदिँदा व्यावसायिक क्षमता ह्रास पछि केही संस्थान रुग्ण हुँदै गएका छन् । संस्थानको व्यावसायिक उत्पादन शृङ्खला एवं मूल्य अभिवृद्धिको सञ्जाल धरासायी हुँदा औद्योगिक वातावरण नकारात्मक हुँदै गएको छ । उदारहणको रूपमा बाँकेको खजुरामा कपास विकास समितिले कपास उत्पादन गर्थ्यो । स्वदेशमै कपडा उत्पादन गर्ने र धागो एवं कपडा उत्पादनबाट आत्मनिर्भर हुने सोच राखिएको थियो ।

कपासको मूल्य बढाउन रुपन्देहीको बुटवलमा धागो कारखाना स्थापना गरी धागो उत्पादनमा जोड दिइयो । धागोको उपयोग गरी कपडा उत्पादन गर्न मकवानपुरको हेटौँडामा कपडा उद्योग स्थापना गरियो । यी तीन उत्पादन संयन्त्रको व्यावसायिक अन्तरसम्बन्धले औद्योगिकीकरणमा भएको योगदान र आर्थिक उपार्जनमा पार्ने प्रभाव धरासायी भई आज कन्त बिजोग देख्न परेको छ । खजुराको कपास विकासको नामो निशान पनि छैन तर बुटवल धागो कारखाना र हेटौँडा कपडा कारखानाको थला परेको रुग्नता देखिन्छ । संस्थानको रुग्नताले लगानी, रोजगारी, उत्पादन र उपभोगका अवसर गुम्दा राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर पर्न गयो । त्यसै गरी लुम्बिनी चिनी कारखाना र वीरगन्ज चिनी कारखानाको धरासायी भएको अवस्थाले उखु किसानको उत्पादनको मूल्यका लागि सङ्घर्ष गर्नु परेको छ । यी सबै उत्पादन शृङ्खला कृषकसँग जोडिएका छन् । कृषिप्रधान देशमा कृषिमा आधारित औद्योगिक वातावरण बनाउन सके उत्पादन सञ्जाल दिगो भई अर्थतन्त्र बलियो हुने थियो ।

सार्वजनिक संस्थान रुग्ण हुनुका कारणहरूको निदानका लागि पहिलो काम व्यावसायिक वातावरणका लागि निर्णय तहमा व्यावसायिक र पेसागत विज्ञ चयन गर्ने र उत्पादन क्रियामा सिप र दक्ष जनशक्तिको उपयोग गर्नु पर्छ । प्रविधिको स्तरोन्नतिसँगै जनशक्तिलाई प्रविधि अनुकूलन बनाई कम लागतमा गुणस्तरीय उत्पादनमा ध्यान दिन आवश्यक छ । दोस्रो बदलिँदो परिस्थितिको सामना गर्न उत्पादनमा कुशलता र प्रतिस्पर्धात्मक क्षमता बनाई व्यावसायिक योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने हुन्छ । बजारको माग र उपभोक्ता रुचिको अध्ययन गरी उत्पादन विविधीकरण गर्दै जानुपर्ने व्यावसायिक योजना आवश्यक छ । तेस्रोमा पेसागत मर्यादा र उत्पादन कर्मका लागि व्यावसायिक र पेसागत श्रम सोचको ट्रेड युनियनको वातावरण बनाउनुपर्ने हुन्छ । उत्पादनको शृङ्खलामा श्रमिकको हित जोडिने हुँदा श्रमिकले पेसागत धर्म भुल्नु हुँदैन । चौथो संस्थानको वस्तुको आपूर्ति तथा सेवा प्रवाहको आवश्यकता र औचित्यता एवं निजी क्षेत्रको उक्त वस्तु आपूर्ति तथा सेवा प्रवाहमा भएको दक्षता र सक्रियताबिच अध्ययन गरी सरकारको लगानी आवश्यक नभए त्यस्ता संस्थान निजीकरण वा विघटन गरी ती क्षेत्र निजी क्षेत्रलाई छोडिदिनु पर्छ ।

केही संस्थानले समयमै लेखापरीक्षण नगरी आर्थिक विवरणको सार्वजनीकरण नहुँदा वित्तीय पारदर्शिता हुन नसकेको अवस्थालाई कडाइ गरी समयमै वित्तीय विवरण सार्वजनिक गर्न दबाबको आवश्यकता छ । पाँचौं, सरकारले बदलिँदो आर्थिक प्रवाहको मर्म बुझी क्रमशः व्यावसायिक कार्य छाड्दै जाने र निजी क्षेत्रलाई वस्तुको आपूर्ति र व्यावसायिक सेवा प्रवाहमा अब्बल बनाउन जोड दिनुपर्ने भएको छ । संस्थानको पुनर्संरचना गरी राज्यले गर्नै पर्ने र साझेदारीमा गर्न सकिने व्यावसायिक सेवाको यकिन गर्ने एवं अन्य व्यावसायिक सेवा बजारलाई छोड्नु उपयुक्त हुन्छ । समग्रमा केही संस्थानबाहेक धेरैमा व्यवस्थापकीय एवं संरचनागत सुधारको स्पष्ट मार्गचित्रसहित आक्रामक प्रक्रिया सुरु गरी आर्थिक उत्तरदायी बनाउन आवश्यक छ ।

संस्थान सुधारका केही काम पनि नभएका होइनन् । कार्यकारी प्रमुख प्रतिस्पर्धाबाट ल्याउने, जनशक्ति लोक सेवा आयोगबाट पूर्ति गर्ने, संस्थान सुधार गर्ने रणनीति बनाई लागु गरिएको, कतिपय संस्थानका कार्यकारीसँग कार्यसम्पादन सम्झौता गरी व्यावसायिक नतिजामा जोड दिइएको, संस्थानको केही पुँजी साधारण सेयरमा परिणत गरी जनतामा साधारण सेयरको हक सारिएको, व्यावसायिकता मिल्ने संस्थान गाभिएको र संस्थानको वार्षिक प्रतिवेदन जारी गरी अवस्था सार्वजनिक गर्ने गरिएको छ । ठुला आर्थिक कारोबार भएका संस्थानले रोजगारी सिर्जना, राजस्वमा सहभागिता र आर्थिक सक्रियताले अर्थतन्त्रमा योगदान पुर्‍याएका छन् ।

सार्वजनिक संस्थानको व्यावसायिक औचित्यता र आर्थिक उन्नयनका लागि व्यावसायिक अध्ययन गरी सकारात्मक अवधारणा बनाउन जरुरी भएको छ । राज्यको लगानी दुरुपयोग हुन नदिन तथा आर्थिक सक्रियता बढाउन नीतिगत सुधार, बदलिँदो व्यावसायिक योजना, प्रविधिको अनुकूलन हुने संरचना र कम लागतमा गुणस्तरीय उत्पादन गर्ने अवधारणाको सोच बनाउन जरुरी छ ।

व्यावसायिक एकाधिकार भएका संस्थानको बदलिँदो अवस्थाको आत्मसात् गर्न सक्ने बनाउने, बजारको आपूर्ति नियमन सहज प्रतिस्पर्धी र कुशल व्यावसायिक बनाउने, निजी क्षेत्र सक्षम भएका व्यवसायमा क्रमशः सरकारी संलग्नता कम गर्दै जाने, रुग्ण संस्थानको औचित्यको गहन अध्ययन गरी सञ्चालन सम्भावना नभए विघटन वा हटाउने र कृषि उपजबाट सञ्चालित उद्योगको दीर्घकालीन सोत र नतिजाको आधारमा व्यावसायिक योजना बनाई सञ्चालन गर्न उपयुक्त हुन्छ । संस्थान रुग्ण हुन नदिन राज्यले विशेष ध्यान दिन आवश्यक छ ।

# प्रशासनमा पारदर्शिता



• सदन भण्डारी

नेपाल जस्तो विकासोन्मुख मुलुकमा सार्वजनिक सेवा प्रवाह राज्य सञ्चालनको एक महत्वपूर्ण आधार हो । नागरिक राज्यसँग प्रत्यक्ष सम्पर्कमा आउने सबैभन्दा ठुलो क्षेत्र प्रशासन नै हो । राज्य कत्तिको दिगो, उत्तरदायी र विश्वसनीय छ भन्ने मूल्याङ्कन नागरिकले कार्यालयका ढोकामा देख्ने व्यवहार, पाउने सेवाको गुणस्तर र त्यसको समयसीमाबाटै निर्धारण गर्छ तर प्रशासनिक अभ्यासमा निरन्तर देखिँदै आएका केही व्यवहार प्रवृत्ति छन्, जसले सार्वजनिक सेवा प्रवाहलाई लोकतान्त्रिक मूल्यमान्यताबाट टाढा लैजाँदै अधिकारभन्दा आदेश, पारदर्शिताभन्दा गोप्यता र सहभागिताभन्दा नियन्त्रणको बाटोतर्फ धकेलिरहेको छ । त्यसमध्ये सर्वाधिक प्रभाव जमाएको शैली हो । निरङ्कुशता, जुन स्थानीय सरकारमा मनलाग्दी रूपमा फैलिँदै गएको पाइन्छ ।

निरङ्कुश शैली केवल राजनीतिक भाष्यमा मात्र प्रयोग हुने शब्द होइन । प्रशासनिक संरचना, सेवाको मनोविज्ञान र नेतृत्वको कार्यप्रणालीमा यसले गहिरो घेरा बनाइसकेको हुन्छ । कार्यालयका प्रमुखको व्यवहार, कर्मचारीको मनोवृत्ति, नागरिकसँगको संवाद, निर्णय प्रक्रियाको स्वरूप, गुनासो सुन्ने शैली, सूचना प्रवाह, अनुगमनको तरिका यी सबैमा तौरतरिकामा निरङ्कुशता प्रकट हुन सक्छ । यसले सेवा प्रवाहलाई कति प्रभाव पार्छ ? नागरिकलाई कस्तो अनुभव दिलाउँछ ? सार्वजानिक खर्चको सदुपयोग कि दुरुपयोग ? भविष्यमा कस्ता जटिल समस्या जन्माउँछ भन्ने विषयको गहन मूल्याङ्कन आज अपरिहार्य बनेको छ ।

लोकतान्त्रिक शासनको प्रमुख आधार नै सहभागिता, पारदर्शिता र जवाफदेहिता हो तर कतिपय स्थानीय सरकारमा निरङ्कुश शैली भने यी तिनै स्तम्भविपरीत दिशामा अगाडि बढेको देखिन्छ । निरङ्कुशतामा नेतृत्वलाई पूर्ण अधिकार हुन्छ, निर्णय प्रक्रिया एक व्यक्तिको विवेकमा सीमित हुन्छ, निश्चित व्यक्तिको इसारामा चल्छ, बाहिरी आवाज, जनभावना, प्रतिवाद, आलोचना वा सुझावलाई स्वागत गरिँदैन । एक दुई जना चर्को आवाज बोल्ने र लेख्नेलाई तराजु झैँ एक स्तरमा राखिन्छ । यस्तो अवस्थाले केही समयसम्म केही खालको भ्रम सिर्जना गरे पनि दीर्घकालमा यसको परिणाम विनाशकारी हुन्छ नै ।

सार्वजनिक प्रशासनमा निङ्कुश शैली देखा पर्ने कारणहरू पनि सामाजिक, ऐतिहासिक र संरचनागत छन् । नेपालको प्रशासनिक संरचना लामो समयसम्म केन्द्र-केन्द्रित, आदेशमुखी र पद केन्द्रित ढङ्गले विकसित भयो । नागरिकलाई उपभोक्ता नभई याचक मान्ने संस्कार, कर्मचारीलाई सेवा प्रदायक नभई ‘शक्ति प्रयोगकर्ता बनाउने दृष्टिकोण र राजनीतिक संरक्षणका कारण जिम्मेवारीभन्दा आज्ञापालन बढी मूल्यवान् ठानिने प्रवृत्तिले प्रशासनिक प्रणालीमा निरङ्कुशताको जरा मजबुत बनायो । सेवा प्रवाहमा यस्ता शैली हाबी हुँदा कर्मचारीको मनोबलमा पनि फरक पर्छ ।

आलोचनालाई अस्वीकार गर्ने वातावरणमा काम गर्दा नवप्रवर्तन, समस्या समाधान क्षमता, आत्मविश्वास र व्यावसायिकता घट्दै जान्छ । कर्मचारी केवल आदेश पालना गर्ने यन्त्र बन्न बाध्य हुन्छन् । न त उनीहरूमा सिर्जनशीलता रहेर बस्छ, न त सुधारका प्रयासप्रति उनीहरूको चासो रहन्छ । यस्तो वातावरण दीर्घकालमा कर्तव्य परायण कर्मचारीका लागि निराशाजनक बन्न जान्छ ।

निरङ्कुश शैलीको सर्वाधिक क्षति पारदर्शिता र जवाफदेहिता क्षेत्रमा देखिन्छ । पारदर्शिता केवल कागजमा लेखिएको अवधारणा होइन, यो नागरिक र राज्यबिचको विश्वास निर्माण गर्ने आधार हो तर निरङ्कुश कार्यशैलीले पारदर्शितालाई अनावश्यक बोझ ठान्छ ।

‘किन जान्नु पर्छ ? यसले के काम गर्छ ? सूचना किन ?’ जस्ता प्रश्नले नागरिकलाई नै दोषी बनाइदिन्छ । नागरिकले सेवाग्राहीको हैसियतमा सोधेको प्रश्न कार्यालयले अपमान ठान्न थाल्छ । यस्तो मानसिकताले भ्रष्टाचार, मनपरी निर्णय र अवैज्ञानिक प्रक्रियालाई मात्र स्थान दिन्छ, जसले गर्दा आधुनिक, अवप्रवर्तनकारी सेवा ओझेलमा परी निश्चित व्यक्ति वा समूहको हालीमुहाली हुने र यसले निकट भविष्यमा अझ जटिलता निम्त्याउने कुराको मान्यता राख्छ ।

निरङ्कुश शैलीको दीर्घकालीन असर मुलुकको शासन व्यवस्थामै देखिन्छ । नागरिक-राज्य सम्बन्धमा खटपट, सेवाप्रति अविश्वास, गुनासो बढ्दै जाने र सरकारी कामप्रति निराशा यी त्यसका प्रत्यक्ष परिणाम हुन् । नागरिकले सरकारी सेवा छान्नेभन्दा वैकल्पिक प्रणाली रोज्न थाल्छन्, दलाल, निजी संस्थान वा अनौपचारिक संयन्त्र । यस्तो स्थिति राज्यको क्षमतामै प्रश्न उठाउँछ । भविष्यमा निरङ्कुश कार्यशैलीबाट पैदा हुने जटिलता अझ गम्भीर हुन्छन् । पहिलो जटिलता हो, संस्थागत अस्थिरता । नेतृत्व बदलिँदा प्रणाली भत्किने अवस्था राम्रो शासनको सङ्केत होइन । निर्णय प्रक्रियालाई व्यक्ति निर्भर बनाउनुले संस्थालाई कमजोर बनाउँछ । निरङ्कुश शैली निरन्तर परम्परा बन्यो भने कार्यालयमा दीर्घकालीन नीति, दिशाबोध र स्थायित्व कमजोर हुन्छ । दोस्रो जटिलता नवप्रवर्तनको अवरोध हो । डिजिटल सेवा, पारदर्शी प्रणाली, अनलाइन प्रक्रिया, नागरिक सहभागिता, सामाजिक लेखापरीक्षण । यी सबै सुधार निरङ्कुश नेतृत्वलाई असजिलो लाग्ने विषय हुन् । जसले सुधार प्रयासलाई शत्रुको रूपमा हेर्छ, पारदर्शितालाई खतरा ठान्छ । अन्ततः सुधारका कार्यक्रम पनि नेतृत्वको ‘मर्जी’ मा निर्भर हुन्छन् । तेस्रो जटिलता कर्मचारी-नागरिक सम्बन्धमा देखा पर्छ । सेवाग्राहीलाई प्रतिद्वन्द्वी वा सन्देहको दृष्टिले हेर्न थाल्दा सेवाको आत्मा नै कमजोर हुन्छ । नागरिकले आफूलाई सेवा माग्ने पात्र होइन, याचक ठान्न थाल्छ । यस्तो मनोवृत्ति फैलिँदै गएमा सार्वजनिक सेवा प्रवाह नै अविश्वसनीय बन्छ ।

चौथो जटिलता शासनप्रति अविश्वास हो । राज्यले आफूलाई कडा, असहानुभूतिको प्रतीक वा कठिन-प्रवेश योग्य संस्थाको रूपमा प्रस्तुत गर्‍यो भने नागरिकले राज्यप्रति गर्व होइन, असन्तोष मात्र अनुभव गर्छ । लोकतन्त्रमा नागरिकको विश्वास क्षीण हुनु भनेको शासन व्यवस्थाको नैतिक आधार कमजोर हुनु हो । यस समस्याको समाधान निरङकुशता हटाउने मात्र होइन, समग्र नेतृत्व दर्शन परिवर्तन आवश्यक छ । सार्वजनिक सेवामा सहभागी शैली, पारदर्शी कार्यप्रणाली, समान पहुँच, गुनासो व्यवस्थापन, डिजिटल सुधार, र नागरिकमैत्री संवाद अनिवार्य हुनु पर्छ । नेतृत्व एक व्यक्तिको शक्ति होइन, समग्र प्रणाली सुधारको संयोजक बन्नु पर्छ । कर्मचारीलाई अधिकार, जिम्मेवारी र प्रयोगशीलता दिनु पर्छ । नागरिकलाई सेवा पाउने पात्रको रूपमा स्विकार्नु पर्छ ।

सार्वजनिक सेवा प्रदान गर्ने संस्थामा मानवता, सम्मान र संवेदनशीलता राख्न जरुरी छ । सार्वजनिक सेवा कुनै कृपा होइन, नागरिकको अधिकार हो । नागरिकको प्रश्नलाई अपमान होइन, सुधारको अवसर मान्नुपर्ने हुन्छ । गुनासो व्यवस्थापनले दण्ड होइन, विश्वास दिलाउनुपर्ने हुन्छ । सेवाग्राहीलाई स्पष्ट जानकारी दिनु, निर्णय प्रक्रिया पारदर्शी राख्नु र नेतृत्वलाई उत्तरदायी बनाउनु आधुनिक शासनको अनिवार्य हिस्सा हो । आजको संसार खुलेको छ, सूचनाको पहुँच बढेको छ, राज्यप्रति नागरिकको अपेक्षा बदलिएको छ । सेवाको गुणस्तर अब केवल परिणाम होइन, प्रक्रिया, संवाद र व्यवहार सबैबाट मापन हुन्छ । त्यस्तै सार्वजनिक संस्थाको प्रतिष्ठा केवल भवन वा पोसाकले होइन, नेतृत्वको आचरण र सेवा प्रवाहको न्यायपूर्ण शैलीले निर्धारण गर्छ । यस परिप्रेक्ष्यमा निरङ्कुशता केवल एक प्रशासनिक कमजोरी होइन, लोकतान्त्रिक मूल्यको प्रतिगमन पनि हो ।

नेपालले भविष्यमा दिगो, प्रभावकारी र समावेशी सेवा प्रवाह बनाउन चाहन्छ भने निरङ्कुश शैलीबाट सहभागितामूलक, पारदर्शी र नागरिक केन्द्रित शैलीतर्फ रूपान्तरण अनिवार्य छ । लोकतन्त्रको सफलताका लागि नागरिकको सम्मान, अधिकार र समानतामा आधारित प्रशासनिक प्रणाली आवश्यक छ । शक्तिमाथि नियन्त्रण, नागरिकमाथि विश्वास र सेवा प्रवाहमाथि पारदर्शिता आधुनिक शासनको मूल्य हो । सार्वजनिक सेवा प्रशासनको सार नै नागरिकको जीवन सरल बनाउनु हो । यदि नेतृत्वको शैलीले नागरिकलाई झन्झट, अपमान वा असहज बनायो भने त्यसले राज्यको जग नै कमजोर पार्छ । त्यसैले आजको चुनौती केवल सेवा सुधार होइन, प्रशासनिक संस्कृतिको पुनर्निर्माण पनि हो । निङ्कुश शैलीबाट ब्युँतिने समस्या केवल कार्यशैलीका होइनन् । विश्वास, नैतिकता र राज्य नागरिक सम्बन्धका पनि हुन् ।

अन्ततः सार्वजनिक सेवा प्रवाह निरङ्कुश असरले होइन, समानता, सम्मान र पारदर्शिताको आधारमा अगाडि बढाइनु पर्छ । सार्वजनिक सेवा प्रवाह व्यवस्थाले नागरिकलाई बाध्य होइन, सक्षम बनाउनु पर्छ । नागरिक राज्यसँग डराएर होइन, अधिकारका साथ सहकार्य गरेर अगाडि बढ्न सक्ने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो । निङ्कुशताको विरुद्धमा सहभागी शासन, उत्तरदायी नेतृत्व र मानव केन्द्रित प्रशासन नै दीर्घकालीन समाधान हो । निरङ्कुशताविरुद्ध सचेत नागरिक, इमानदार सेवक सबैको साझा सहकार्यले मात्र जरो उखेल्न सकिन्छ ।

# नेताले नै धमाधम किन छाड्दै छन् रास्वपा ?

झापा । पछिल्लो आमनिर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) खिइँदो बाटोमा अग्रसर देखिएको छ। स्थापनाको छोटो समयमै एकपछि अर्को संस्थापक नेताहरू पलायन हुनुका साथै कतिपय नेता कारबाहीमा पर्दा समग्र पार्टीको आकार भने खिइँदै गएको हो।

पार्टी हितविपरीत कार्य गरेको ठहर गर्दै सीमित नेतालाई कारबाहीस्वरूप निष्काशन गरिए पनि अधिकांश नेता भने पार्टी सञ्चालनको विधि, पद्धति, नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि जनाउनुका साथै समयको पदचापलाई पार्टीले पछ्याउन नसकेको निष्कर्षसहित बाहिरिने गरेका छन्। त्यसरी रास्वपा छाड्ने पछिल्ला पात्र हुन् सन्तोष परियार ।

विघटित प्रतिनिधिसभामा रास्वपा प्रमुख सचेतक रहेका परियारलाई उदीयमान नेताका रूपमा हेरिन्थ्यो तर उनले यथावस्थामा राजनीति अगाडि जान नसक्ने र नवयुगको नेतृत्व गर्न नसक्ने भन्दै २८ कात्तिकमा रास्वपा त्यागेका हुन्।

नेता परियारले चुनावअघि नै महाधिवेशन गरेर पार्टीलाई नयाँ विचारमा हिँडाउनुपर्ने मान्यता राख्दै आएका थिए। तर जेनजी आन्दोलनपछि बदलिएको परिस्थितिबीच पटक-पटक मिति सारिएको महाधिवेशन थप अनिश्चित भएपछि उनी रास्वपाबाट बाहिरिने निष्कर्षमा पुगेका हुन्।

पछिल्लोपटक आगामी फागुन ७ देखि ९ सम्म महाधिवेशन गर्ने रास्वपाको तयारी भइरहेको थियो तर २१ फागुनमा मध्यावधि चुनाव घोषणा भएपछि रास्वपाले अब चुनाव सकिएको ६ महिनाभित्र महाधिवेशन गर्ने गरी अर्को मिति तोक्ने अख्तियारी केन्द्रीय समितिलाई दिएको छ।

त्यसो त नेता परियारले पार्टीबाट बाहिरिँदै गर्दा आफ्ना असन्तुष्टि पोख्ने र नेतृत्वमाथि दोषारोपण भने गरेका छैनन्। बरु आफ्नो भागमा पर्ने कमजोरीको जिम्मेवारी लिँदै भनेका छन्, 'निरन्तर पार्टीमा विचारको बहस गरिरहँदा त्यसलाई स्थापित गर्न नसक्दा मैले आफ्नै कमजोरीको रूपमा लिएको छु। नेपाली समाजको विशिष्ट बनावट र चरित्र अनुसारको पार्टीको विचार निर्माण गर्न नसकिएकोमा पनि म दुखी छु।'

२३ र २४ भदौको आन्दोलनपछि यथावस्थामा राजनीति अगाडि जान नसक्ने र नवयुगको नेतृत्व गर्न नसक्ने निष्कर्ष परियारले निकालेका छन्। उनले नेपाली राजनीतिक आन्दोलनको पुनर्संचना, अवधारणाको पुनःपरिभाषा र संगठनहरूको पुनर्गठन गर्नुपर्ने ऐतिहासिक जिम्मेवारी बोध गरेर त्यसैका लागि फरक अभियानमा सक्रिय भएको राजीनामा पत्रमा उल्लेख गरेका छन्।

तीन वर्षअघि रास्वपामा जोडिए पनि नेता परियार वाम पृष्ठभूमिका हुन्। अन्ततः उनी आफ्नै धारको राजनीतिमा फर्किएका हुन्। उनले माओवादी केन्द्रबाट एकता प्रक्रियामा नगएका जनार्दन शर्माको राष्ट्रिय प्रगतिशील अभियान र नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)सँग एकता गर्ने सहमति गरिसकेका छन्।

रास्वपाबाट बाहिरिने अर्का प्रभावशाली नेता हुन् सुमना श्रेष्ठ। उनी पूर्वसहमहामन्त्री तथा विघटित प्रतिनिधिसभा सदस्यसमेत हुन्। पार्टी सभापति रवि लामिछाने दोस्रोपटक उपप्रधान तथा गृहमन्त्री हुँदा उनले शिक्षा मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेकी थिइन्।

सुमनाले सहकारीको बचत रकम अपचलन प्रकरणमा सभापति लामिछाने थुनामा गएपछि राजीनामा गराउनुपर्ने र समग्र पार्टीलाई आमरूपमा पुनर्गठन गर्दै बदलिँदो चेतनासँग एकाकार गराउनुपर्ने मत राखिथन्।

'व्यक्तिवाद र चाकडीवाद' खरो आलोचक सुमनाले सुरुमा २०८१ चैततिरै सहमहामन्त्री पदबाट राजीनामा दिएकी थिइन्। २३ र २४ भदौको जेनजी विद्रोहपछि भने पार्टी नै छाड्ने निष्कर्षमा पुगेकी हुन्।

पार्टी छाड्दै गर्दा पनि सुमनाले थुप्रै गुनासो पोखेकी थिइन्। गल्ती गर्ने तर नस्विकार्ने, पार्टीभन्दा माथि नेता हुने, त्यस्ता गलत प्रवृत्तिको विरोध गर्दा उल्टै मिडिया ट्रायल हुन थालेपछि आफू पार्टी छाड्ने निष्कर्षमा पुगेको उनले उल्लेख गरेकी छन्। 'कहिलै गल्ती नस्विकार्ने। गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनुपर्ने। जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यति वेलादेखि नै आलोचना गर्दै आएकी हुँ । तर त्यसले कत्ति पनि फरक पारेन। अझ उल्टै मीडिया ट्रायल हुन थाल्यो। यो स्वीकार्य छैन', उनले भनेकी छन्, 'अब खुला रूपमा आक्रमण गर्ने हो भने पनि सजिलो बनाइदिएकी छु। मनलाग्दी चलुन्जेल मनलाग्दी गर्नुहोला। मैले पार्टी छोडेँ।'




सन्तोष र सुमना मात्र होइन, केन्द्रीय तहका अरू पनि थुप्रै नेताले रास्वपा छाडेका छन्। केही समयअघि केन्द्रीय सदस्यहरू हरि भट्ट र डा. प्रभाव अधिकारीले राजीनामा दिएका थिए।

त्यसअघि पार्टी स्थापनाको दुई महिनामै संस्थापक केन्द्रीय सदस्य गीता रेग्मीले पार्टी छाडेकी थिइन्। पार्टीको विचार र नेतृत्वको गतिविधिप्रति असन्तुष्टि जनाउँदै उनी बाहिरिएकी थिइन्।

यसैगरी अर्का केन्द्रीय सदस्य महेश्वर घिमिरे पनि विद्यावारिधि गर्न भन्दै पार्टीबाट बाहिरिएका थिए।

२०८० वैशाख १० को उपनिर्वाचनमा बारा-२ मा रास्वपाबाट उम्मेदवार बनेका पूर्व एआईजी रमेश खरेल पनि पहिल्यै पार्टीबाट बाहिरएका थिए। स्वार्थ बाझिने गरी पार्टीले गृह मन्त्रालयको जिम्मेवारी लिन नहुने अडानमा भए पनि पार्टी सभापति लामिछाने उपप्रधानसहित गृहमन्त्री बने।

त्यसविरुद्ध निरन्तर विभिन्न टिप्पणी गर्दै आएका खरेललाई पछि रास्वपाले पार्टी र नेतृत्वप्रति इङ्गित भएर अभिव्यक्ति दिएको भन्दै स्पष्टीकरण सोध्यो। तत्पश्चात् स्पष्टीकरण बुझाउनुका साटो उनले 'पार्टीको नीति तथा सिद्धान्त आफ्नो प्राथमिकतासँग नमिलेको' भन्दै पार्टी नै छाडिदिए।

रास्वपा निर्वाचन आयोग प्रमुखको जिम्मेवारीमा रहेका डा. अतीन्द्र दाहालले पनि पार्टी छाडेका छन् भने केही समयअघि मात्रै पूर्वअनुशासन आयोग प्रमुख डा. भरतमणि देवकोटाले पनि साधारण सदस्यता त्याग गरे।

रास्वपा छाड्ने क्रम यतिमा मात्रै सीमित छैन। तल्ला तहमा पनि थुप्रै नेता-कार्यकर्ताले रास्वपा छाडेका छन्। कोशी प्रदेश सभापति राजेश तिमिल्सिना पार्टीबाट बाहिरिएका छन्। पार्टीले कारबाही गरेका पूर्वमहामन्त्री डा. मुकुल ढकाललाई जिम्मेवारीमा फर्काउनुपर्ने भन्दै वक्तव्य निकाल्न थालेपछि विवाद बढ्दै जाँदा उनले पार्टी छाडेका हुन्।

त्यसअघि ०७९ कात्तिकमै कोशी प्रदेशका प्रदेश, जिल्ला र नगरका नेताहरूले पनि पार्टी त्यागेका थिए। पार्टी परित्याग गर्नेहरूमा प्रदेश समिति सदस्य तथा कोशी निर्वाचन परिचालन समिति सभापति सञ्जीव भट्टराई, सुनसरी जिल्ला सचिव तथा कोशी निर्वाचन परिचालन समिति उपसभापति प्रेमप्रसाद तिमिल्सिना, धरान उपमहानगर सभापति राम कार्की, धरानका उपसभापति रिचन राई र प्रदेश समिति सदस्य शिल्पा भट्टराईसहित अन्य कार्यकर्ताहरू थिए।

२०८० पुस १४ मा रास्वपा सुदूरपश्चिमका उपसभापति र महामन्त्रीले पदबाट राजीनामा दिएका थिए। उपसभापति सृष्टि महरा र महामन्त्री भोजराज जोशीले पार्टीलाई समय दिन नसक्ने भन्दै बाहिरिएका थिए।

यसैगरी ०८१ असार १२ मा प्यूठान जिल्ला सभापति सुमन सुवेदीले पार्टी परित्याग गरे। पार्टी सभापति रवि लामिछाने निर्वाचित जिल्ला चितवनका सभापति धर्मेन्द्र सापकोटाले पनि ०७९ माघमै पार्टी छाडेका थिए।

०८० माघमा बर्दिया जिल्लाका झन्डै दुई दर्जन नेता-कार्यकताले रास्वपा छाडेका थिए। पार्टी-पङ्क्तमा पदीय ध्वाँस, हैकमवादी चरित्र, धम्कीपूर्ण व्यवहार र गुट-उपगुट मौलाएको कारण पेश गर्दै २१ जनाले पार्टी परित्याग गरेका थिए।

यता रास्वपा मकवानपुर जिल्ला सचिवालय सचिव भुवन खनालसहितको टोली पनि ०८१ असारमा रास्वपाबाट बाहिरियो। संयुक्त विज्ञप्ति जारी गर्दै खनालसहित, क्षेत्रीय उपसभापति, नगर उपसभापति तथा सचिवलगायत ६ जनाको युवा टोलीले सत्ता लिप्सा देखिएको भन्दै रास्वपा परित्यागको घोषणा गरेका थिए।

०८१ भदौमा दाङका एक सयभन्दा बढी युवाले एकसाथ रास्वपा परित्याग गरे। पार्टी स्थापनाकालदेखि नै सदस्य रहेका दाङ क्षेत्र नम्बर ३ का सभापति मेघराज केसीलगायत क्षेत्रीय सदस्य, घोराही र तुलसीपुर उपमहानगरपालिका स्तरीय समितिका पदाधिकारी र सदस्यहरूले पार्टी त्याग गरेको घोषणा गरेका थिए। पार्टी सभापति लामिछानेले युवालाई झुक्याएको उनीहरूको आरोप थियो।

रास्वपा स्थापनाको साढे तीन वर्ष पुग्न लाग्दा आफैँ पार्टीबाट बाहिरिने धेरै भए पनि कतिपय भने निष्काशन गरिएका छन्।

सुरुमा मन्त्री बन्न लागेको भन्दै मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग रकम मागेको अडियो बाहिरिएपछि ढाकाकुमार श्रेष्ठ निकालिए। पेसाले चिकित्सक श्रेष्ठ अहिले राजनीतिमा छैनन्। उनी आफ्नै व्यवसायमा फर्किएका छन्।

रास्वपाले पार्टीका संस्थापक महामन्त्री डा. मुकुल ढकाललाई साधारण सदस्य नरहने गरी कारबाही गरेको थियो। पार्टीलाई कमजोर बनाउने गरी दस्तावेज प्रस्तुत गरेको, पार्टीलाई बुझाउनुभन्दा पहिले नै सार्वजनिक गरेको आरोप लगाउँदै उनीमाथि डण्डा चलाइएको हो।

यीबाहेक पार्टी अनुशासनविपरीत गतिविधि गर्ने थुप्रै नेता-कार्यकर्तालाई पनि रास्वपाले कारबाहीस्वरूप पार्टीबाट निष्काशन गरेको छ। नेता-कार्यकर्ता आफैँ बाहिरिएर होस् वा निष्काशनमा परेर होस्, समग्रमा यसबाट रास्वपालाई क्षति भने पुगेकै देखिन्छ।

रास्वपामा असन्तुष्ट नेताहरूको कमी अझै छैन। केन्द्रीय सदस्यहरू डा. तोसिमा कार्की र गणेश कार्की असन्तुष्ट कित्तामा पर्छन्।

गणेश कार्की पहिल्यैदेखि पार्टीको इतर कित्तामा उभिँदै आएका हुन् भने तोसिमाको असन्तुष्टि पछिल्लो समय बढेको हो। पार्टी पुनर्गठनको मुद्दा उठाइरहेकी तोसिमाले पछिल्लो विस्तारित बैठकमा लिखित असहमति नै राखिन्। तथापि सुनुवाइ नभइरहेको उनको गुनासो छ।

केन्द्रीय सदस्य गणेश कार्की पार्टीभित्रको समस्या पहिचान र समाधानतर्फ कसैको ध्यान नगएकोप्रति अहिले पनि रुष्ट छन्। एकपछि अर्को नेताहरू बहिर्गमित हुनुमा पार्टीभित्र नै समस्या भएको र यसको पहिचान र समाधानमा जोड दिन्छन्।

'समस्या छन्, समाधान खोजौं। जानेलाई लगाउने आरोप हैन, छाड्नुको कारण खोजौं। सामूहिक प्रयास, सामूहिक निर्णयको अभ्यास गरौं,' उनको भनाइ छ।

सन्तोष परियारले दोस्रोपटक समानुपातिकमा बस्न नपाउने भएकाले पार्टी छाडेको तर्क गर्नेहरूलाई पनि उनले प्रतिप्रश्न गरेका छन्। 'सन्तोषले दोस्रोपटक समानुपातिकमा बस्न नपाउने भएपछि छाड्यो भन्ने होला अब। अस्ति सुमनाले छाड्दा त त्यस्तो नियम बनाएकै थिएन, किन छाडिन् त उनले?'

कार्की थप प्रश्न गर्छन्, 'सांसद नै नभएका केन्द्रीय सदस्य डा. प्रभात र हरिले छाडे। तिनले के नपाएर छाडे ? अब प्रत्यक्ष जितेकाले पनि छाड्लान्, तिनलाई के भन्ने?' एकपछि अर्को, माथिदेखि तलसम्मका नेता-कार्यकर्ता पार्टीबाट पलायन भएर पार्टीलाई पुगिरहेको क्षतिप्रति रास्वपा नेताहरू भने त्यत्ति चिन्तित र गम्भीर सुनिँदैनन्। बरु उनीहरू एकजना गएर केही नहुने बताउँछन् त जान बाँकी भए गइहाल्न उर्दी जारी गर्छन्।

केही दिनअघि मात्रै पार्टीको गोदावरी नगर अधिवेशनमा नेता विराजभक्त श्रेष्ठले एकजना गए पनि सयजना भित्रिरहेको दाबी गरे। उनको भनाइ थियो, 'धेरै साथीहरूको चिन्ता पार्टीबाट हिजो को जानु भयो, अस्ति को जानु भयो भन्ने छ। तर एक जना जान्छन्, सय जना आइरहेका हुन्छन्।'

सोही कार्यक्रममा रास्वपा बागमतीका सभापति अच्युतम लामिछानेले त पार्टी छाड्न चाहने कोही अझै बाँकी भए छाड्न उर्दी नै जारी गरे। 'जानेहरूलाई गए हुन्छ भन्दिएको हो, कोही बाँकी हुनुहुन्छ भने! यस्तै भइरहने, हाम्रो पैसा खर्च भइरहने, उहाँहरूलाई नेता बनाइराख्नुपर्ने,' उनले भने, 'कति ठाउँमा त गाडी लिएर लिन जानुपर्ने, प्लेन चढाएर ल्याइदिनुपर्ने-पुऱ्याइदिनुपर्ने, फूलमाला लगाइदिनुपर्ने। सबै चिज गर्नुपर्ने अनि अन्तिममा हामीलाई बेवारिसे बनाएर छोडेर हिँड्ने?'

रास्वपा प्रवक्ता मनीष झा पनि नेताहरू पलायन हुनु चिन्ताको विषय भए पनि यो स्वाभाविक भएको बताउँछन्। पहिला संगठन बनेपछि अहिले विचार बन्ने क्रममा रहेकाले विचार नमिल्नेहरू बाहिएको बुझाइ उनको छ। 'यस्तो हो, कतिवटा संगठनहरू विचार बन्छ र संगठन बन्न थाल्छन्। हाम्रो हकमा पहिला संगठन बन्यो र त्यसपछि विचार बन्न थाल्यो', उनी भन्छन्, 'यही क्रममा होइन मेरा विचार फरक हो, मेरो विचारको पृष्ठभूमि यो होइन। त्यसकारण फरक अभ्यास नै गर्नका लागि अर्को बाटो लाग्छु भन्ने हुन्छ। त्यसकारण यो स्वाभाविक हो जस्तो लाग्छ।'

यद्यपि, नेताहरूका असन्तुष्टिलाई समाधान गर्ने भरपूर प्रयास भने पार्टीले गरिरहेको प्रवक्ता झाको दाबी छ। तर कतिपय असन्तुष्ट नेताहरूको असन्तुष्टि भने तत्काल सम्बोधन गर्नै नसकिने किसिमको पनि रहेको उनले बताए।

'खास जिम्मेवारीमा रहनुभएका नेताहरू जाँदै गर्दा त्यसबारे स्वाभाविक रूपमा छलफल भइहाल्छ। जाने मनसायमा भएकाहरूसँग छलफल गर्न र समस्या समाधान कसरी गर्न सकिन्छ, असन्तुष्टिको सम्बोधन कसरी होला भन्ने कुरामा गम्भीर छलफल हुन्छन्', उनी भन्छन्, 'तर कतिपय नेताहरूका माग भने सम्हाल्न नसकिने, सम्बोधन गर्न नसकिने किसिमका छन्।'

रास्वपामा अहिले सम्बोधन गर्न असम्भव माग राख्ने भनेर तोसिमा कार्कीतर्फ संकेत गरेका हुन्। तोसिमाको नाम नलिई उनले उपसभापति मागेको, महाधिवेशन कुर्न आग्रह गर्दा त्यसका लागि पनि तयार नभएको बताए।

'कतिपय असन्तुष्टि हामीले सम्हाल्न नसक्ने किसिमका पनि छन्', तोसिमार्फ संकेत गर्दै झाले भने, 'कसैले आएर म चाहिँ अहिल्यै उपसभापतिमा मनोनीत गर, होइन भने म छोड्छु भन्छ र त्यो अहिल्यै सम्भव छैन, महाधिवेशन कुर्नुस् भन्दा फेरि महाधिवेशन कुर्दिनँ, महाधिवेशनमा सक्दिनँ पनि। बरु आफ्नो बाटो लग्छु भन्छ भने के गर्न सकिन्छ र !'

राजनीतिक विश्लेषक डा. लोकराज बराल कमजोर पृष्ठभूमि, अस्पष्ट सिद्धान्त र निष्ठाको कमीले रास्वपा खिइँदै जानुका साथै भविष्य नै अन्योलतर्फ उन्मुख रहेको ठान्छन्। हिजोका दिनमा पार्टी सभापति लामिछानेले सञ्चारकर्मबाट कमाएको लोकप्रियताले रातारात उदाए पनि अबको दिन भन्न नसकिने उनी बताउँछन्।

'रविजीले सञ्चारकर्मबाट कमाएको पपुलारिटीको भरमा चुनाव जित्नुभयो। अर्को कुरा जनताले वस्तुगत र तथ्यगत आधारमा नभई भावनामा बगेर भोट दिने चलन छ। रास्वपाको जित पुराना पार्टीप्रतिको रिसको प्रतिक्रिया पनि थियो', उनी भन्छन्, 'तर रास्वपाको राजनीतिक पृष्ठभूमि, सिद्धान्त र निष्ठा स्थापित छैन। अहिले सभापति जेलमा गइसकेपछि पार्टी छाड्नेहरू बढे। अब त झन् उहाँको पार्टीलाई जनतासामु टिक्न गाह्रो देखिन्छ।'

अर्का विश्लेषक देवेश झा रास्वपा जसरी उदायो उसैगरी विलय हुने बाटोमा देख्छन्। रास्वपा नेतृत्व नै एकपछि अर्को विवादमा तानिँदै जेलसम्म पुग्नु यसको कारक ठान्छन् उनी।

'उहाँ (रवि) वान नाइट स्टारका रूपमा उदाउनुभयो। उहाँको पार्टी रास्वपालाई पहिलो निर्वाचनमै अपेक्षाभन्दा ठूलो सफलता हासिल भयो। उदय जे जसरी भए पनि जनताले एउटा अपेक्षा गरेका पक्कै थिए', उनी भन्छन्, 'तर विस्तारै जे जस्ता विवादमा रविजी फस्दै जानुभयो र थुनामै पुग्नुभयो, यो पक्कै पनि एउटा राजनीतिक दलका लागि राम्रो होइन।'

सुपर काईनेटिक
एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** — भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** — रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** — मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरूको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** — दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** — आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** — सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** — दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** — आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** — आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** — कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अधि बढ्नेछ ।

**मीन** — सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ